# गण्डकी प्रदेश सभा
## आठौं अधिवेशन
## बैठक संख्या -१९
## सूचनापत्र - २
## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

मिति २०८२ साल असार १२ गते, विहिवार

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धितालको** अध्यक्षतामा विहानको **११:१८** बजे प्रारम्भ भयो।

तत्पश्चात माननीय सभामुखले **गण्डकी प्रदेश सभाको मिति २०८२ साल असार ११ गतेको सभाको बैठकमा विनियोजन विधेयक, २०८२ को मन्त्रालयगत शीर्षकहरु माथिको छलफलमा भाग लिने क्रममा माननीय दमयन्ती रुचालले प्रयोग गर्नु भएको "राजतन्त्र" भन्ने शब्द सभाको रेकर्डबाट हटाउन** माननीय दोर्ण कुमार कुँवरले सभामुखको ध्यानाकर्षण गराउनु भएकोमा माननीय दमयन्ती रुचालले प्रयोग गर्नुभएको **उक्त शब्द सभाको रेकर्डबाट हटाउन** सचिवालयलाई निर्देशन दिनुभयो ।

तत्पश्चात शुन्य समय प्रारम्भ भयो। शुन्य समयमा **माननीय अशोक कुमार श्रेष्ठ, माननीय दिलमाया पौ.बि. र माननीय विन्दु पौडेलले समसामयिक** विषयमा आ-आफ्नो भनाई राख्नुभयो।

तत्पश्चात **माननीय वन तथा वातावरण मन्त्री भेष बहादुर पौडेलले "आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२" को छलफलको क्रममा आफ्नो मन्त्रालयसँग सम्बन्धित विनियोजन शीर्षकमा** उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात **माननीय उद्योग तथा पर्यटन मन्त्री मित्रलाल वस्यालले "आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२" को छलफलको क्रममा आफ्नो मन्त्रालयसँग सम्बन्धित विनियोजन शीर्षकमा** उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात **माननीय आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङले "आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२" को छलफलको क्रममा आफ्नो मन्त्रालयसँग सम्बन्धित विनियोजन शीर्षकमा** उठेका प्रश्नहरुको जवाफ दिनुभयो।

तत्पश्चात **माननीय सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री बिन्दु कुमार थापाले "आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२" को छलफलको क्रममा आफ्नो मन्त्रालयसँग सम्बन्धित विनियोजन शीर्षकमा** उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

**तत्पश्चात माननीय कृषि तथा भूमि व्यवस्था मन्त्री पदमा जि.सी. श्रेष्ठले "आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२" को छलफलको क्रममा आफ्नो मन्त्रालयसँग सम्बन्धित विनियोजन शीर्षकमा** उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात माननीय सभामुखले आगामि बैठक **२०८२ साल असार १३ गते विहान ११ बजे बस्नेगरी दिनको १२:४६ बजे स्थगित** गर्नुभयो।

......................

(हरिराज पोखरेल)

प्रदेश सभा सचिव